# लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी, प्रदेश,नेपाल

## पशु सेवा केन्द्रको लागि पशुपन्छीहरुको औषधि र बाँझोपन तथा पशु स्वास्थ्य शिविरको औषधिहरु का साथै रेविज खोप खरिद सम्बन्धि बोलपत्र (e-bidding) सम्बन्धि सूचना
(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/१२/०८गते)

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय पशु सेवा उप–शाखाको चालु आ.ब.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पशु सेवा केन्द्रको लागि पशुपन्छीहरुका औषधि खरिद र बाँझोपन तथा पशु स्वास्थ्य शिविरको औषधिका साथै रेबिज खोप खरिद सम्बन्धी बोलपत्र (E-bidding) का लागि बजेट शिर्षक नं.२७२१३ ,२१३१३ र २२५२२ को बजेट अर्न्तगत यस कार्यालयको मिति २०८०/१२/०५गतेको निर्णयानुसार पशुपन्छीहरुका औषधि खरिद र बाँझोपन तथा पशु स्वास्थ्य शिविरको औषधिका साथै रेबिज खोप खरिद खरिद गर्न सार्वजनिक खरिद नियमावली २०६४ को दफा ३१ को उपदफा (१) बमोजिम बोलपत्र (E-bidding) द्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक व्यवसायी/फर्महरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र (E-bidding) पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१) बोलपत्र फारम खरिद गर्न ईच्छुक ब्यवसायीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन मिति २०८१/०१/०८ गते सम्म कार्यालय समयभित्र चालु आ.व. को लागी नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र, औषधी व्यवस्थापन बिभागको दर्ता प्रमाण पत्र, आ. व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको पेश गरी नियमानुसार लाग्ने रु.३,०००/- (तिन हजार) राजश्व दस्तुर (फिर्ता नहुने गरी) लमही नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लिमिटेड, लमही, दाङमा रहेको खाता नं. ४२९०१००३०१०१०००२ मा जम्मा गर्न सकिनेछ।

२) खरिद गरिएका सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) फारम र स्थायी लेखा नं E-bidding पेश गर्दा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन मिति २०८१/०१/०८ गते दिनको १२:०० बजेभित्र www.bolpatra.gov.np मा ई बिडिङ्ग गर्न सकिने छ। यस नगरपालिका कार्यालयको नाममा सम्बोधन गरी फारम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहिछाप गरी कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराई सक्नुपर्नेछ। सो शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधी र बोलपत्रदाता वा निजहरुले अख्तियारीनामा दिई पठाएका प्रतिनिधीको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनी बोलपत्र खोल्न बाधा पर्ने छैन।

३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वयम घोषणा गरेको कागजात बोलपत्र साथ पेश गर्नुपर्नेछ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम बोलपत्रदाताले एकल वा संयुक्तरुपमा पाँच वटा भन्दा बढि खरिद सम्भौता नगरेको घोषणपत्र पेश गर्नुपर्नेछ अन्यथा स्वीकार गर्न सकिने छैन।

४) बोलपत्र जमानत वापत तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम लमही नगरपालिका कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, लमही, दाङमा रहेको धरौटी खाता नं. ४२९०१००३०३००००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस नगर कार्यपालिकाको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुनेगरी १२०दिन अवधी (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।

६) बोलपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा सहिछाप गरेको हुनुपर्ने छ।

७) पशुपन्छीहरुको औषधि तथा पशुपन्छीजन्य सामग्रीहरु WHO-GMP सर्टिफाइड बाट मान्यता प्राप्त हुनुपर्ने छ र म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनी शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८) बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका प्रचलित कानुन अनुसार हुनेछन।

९) बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमश: कार्यालय खुलेको अर्को दिन हुनेछ।

१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

११) अन्य कुरा बुझ्नु परेमा यस नगर कार्यपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ।

१२) बोलपत्रमा पेश गरेको मूल्य यस आ.व को लागी भएकाले असाढ मसान्त सम्म कुनै प्रकारको मूल्य बढि लाई स्वीकार गरिने छैन। पेश हुन आएका प्राविधिक रुपमा सफल भएका बोलपत्रहरुको आर्थिक पक्षको एकमुस्ट बिधिको आधारमा गरिने छ।

| सि.नं | बोलपत्र नं. | बिबरण | लागत अनुमान रकम रु | फारम शुल्क रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | ०१–पशु–/२०८०/०८१ | १.पशु सेवा केन्द्रको लागि पशुपन्छीहरुका औषधिहरु<br>२.बाँझोपन तथा पशु स्वास्थ्य शिविरको औषधिहरु<br>३.रेबिज खोप | २८००,०००।–अट्ठाइस लाख मात्र | ३,०००।–तिन हजार रुपैयाँ मात्र | ८४,०००।–(चौरासी हजार) मात्र |

०१८
०८०।१२।०८

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

CamScanner